नेपाल सरकार
उद्योग,बाणिज्य तथा आपूर्ति मन्त्रालय,
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र,
पुल्चोक, ललितपुर।

## प्रेस विज्ञप्ती

विश्व बैंकको सहयोगमा श्री उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको नेपाल भारत क्षेत्रिय व्यापार तथा पारवहान आयोजना अर्न्तगत सम्पूर्ण व्यवसायी तथा व्यवसायसंग सरोकार राख्ने नीजि, संघ संस्था र सरकारी निकायहरुलाई व्यवसाय सम्बन्धी सम्पूर्ण आवश्यक सूचनाहरु सहज तथा सरल रुपमा एकै थलोबाट उपलब्ध गराउने उद्देश्यले यस Nepal Trade Information portal को विकास तथा संञ्चालन गर्ने क्रममा आज माननीय उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री श्री लेखराज भट्टज्यूबाट सुभारम्भ गरियो ।

यस पोर्टलमा भएका विशेषताहरु पोर्टलको बेभसाईट nepaltradeportal.gov.np तथा NTIP Mobile App बाट सहज रुपमा सेवाग्राहीहरुले प्रयोग गर्न सकिनेछ । पोर्टलबाट व्यापार व्यावसाय गर्न चाहनेहरुलाई अपनाउनु पर्ने विधि प्रक्रियाबारे जानकारी प्रवाह हुने, विश्वको कुनै पनि कुनामा वस्ने सेवाग्राहीहरुले नेपाली निर्यात योग्य वस्तुहरुको माग र पोर्टलमा प्रविष्ट भएका वस्तु एवं व्यवसायिक प्रोफाइल सहज रुपमा प्राप्त गर्न सक्नेछन् । यसबाट नीति निर्माता, सरकारी एवं निजी क्षेत्र तथा बाणिज्य क्षेत्रको अध्ययन एवं अध्यापन गर्नेलाई सहयोग पुग्नेछ । नेपालको निर्यात व्यवसाय सम्बन्धी सम्पूर्ण जानकारीहरुलाई एकद्धार प्रणालीबाट सम्प्रेषण गर्नका लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रबाट नेपाल ट्रेड इन्फरमेशन पोर्टलको शुरुवात गरिएको छ । WTO को Trade Facilitation Act को Article 1 & 2 मा सूचनाको पारदर्शिता उल्लेख भए बमोजिम यसमा समावेश गरिएको छ ।

यस पोर्टलमा निर्यात व्यापारसंग सम्बन्धित व्यवसाय शुरु गर्नको लागि साधारण सूचना देखि निर्यातको लागि वस्तु बजार र त्यसका लागि आवश्यक पर्ने नीति नियम, प्रावधान, निर्यातकर्ताहरु एवं सेवा प्रदायकहरुको विवरण, निर्यातयोग्य वस्तुहरुको विवरणका साथै व्यापारसंग सम्बन्धित सूचनाहरु, नेपालको बैदेशिक व्यापारका करिब एक दशक अधिदेखिको तथ्यांकहरु समावेश गरिएको छ । साथै निर्यातकर्ताहरुले निर्यात गरिएका वस्तुहरुको विवरण, सेवाप्रदायकहरुको विवरण आफै पोर्टलमा प्रविष्टि गर्ने व्यवस्था समेत रहेकोले भविष्यमा व्यापार अभिबृद्धिमा सहायोग पुग्ने विश्वास लिएको छ । पोर्टलबाट व्यापारसंग सम्बन्धित विषयहरुको प्रचारप्रसार तथा बजारीकरणको लागि समेत कार्य गर्नेछ ।

मिति २०७७।०।१३